# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

visit Nepal 2020

प.सं. ०७६/७७ प्र. ज. वि. शा.
च. नं. ३४००

मिति २०७६/१०/०९

विषयः निर्णयको प्रतिलिपि पठाइएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/१०/०७ गते बसेको बैठकबाट पारित निर्णयको प्रतिलिपि पाना– ४ (चार) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

(कुलबहादुर जी. सी.)
उपसचिव

बोधार्थः

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाकोWebsiteमा राख्ने व्यवस्था हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

फोन नं. ०५६-५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१४
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषदबाट महानगरपालिका घोषणा मितिः फागुन २७, २०७३)

Scanned by CamScanner

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको ३८ औं बैठकका निर्णयहरु
(२०७६ माघ ७ गते)

१. भरतपुर महानगरपालिकाको सार्वजनिक–निजी साझेदारी नियमावली, २०७६ लाई पारित गर्ने निर्णय गरियो ।

२. भरतपुर महानगरपालिकाको महानगरीय चक्रपथको वडा नं ९ गोद्राङ्ग चोक (शुरु विन्दु) (जंगल किनारा) वडा नं. ६/८ सिमाना सडक हुँदै पश्चिम पाँडे घुम्ति चोक - अन्नपूर्ण डेरी - उज्वल चोक - कालु वि. क. को घर ब्रम्हपुरी र गंगानगर सिमाना - मा. वि. गंगानगर. धनौजी (हुलाकी सडक) - हुलाकी सडक हुँदै - कसरा चोक - बेलहट्टा वसपार्क - आलमघाट - डम्पीङ्ग साइट - हृदय चोक - धुब्र बजार - वडा कार्यालय (२४) दुर्गा मन्दिर - वयरघारी स्कूल - देवि थान - छाते चोक - रा. प्रा. वि. लेवर नगर स्कूल - राधेश्याम चोक - वडा नं २५ र २७ को सिमाना बाटो (राधेश्याम चोक) - लोर्के चोक (कृष्ण प्र. सुवेदी घर चोक) - बेतरी खोला झोलुङ्गे पुल - तेलौली राम मन्दिर चोक - जनकलाल पूल्चोक - लम्सालको घर नजिकको कल्भर्ट चोक - साना किसान चोक-भगाहा चोक - (वडा नं २८) को सिमाना - मध्यवर्ति कार्यालय - सि.जि सफारी र वाराहि रिसोर्ट - अन्द्रौलि टिकाराम चोक - कर्णध्वज चोक - पास टोल - सानु भरतपुर - जोगि टोल - पर्साबजार -शिसावास - न्यूरेचोक - ढाका टोपी (पुरानो)को घर वाट दद्रेनि गाँउ - मुसहर वस्ती - वलुवा-पश्चिम बनकट्टा भगडी (वडा नं २६)को सिमाना - रुपनारायण चोक - शिसै - कोइलाहा - सिस्वारा - सिमरा - सिमरीटाउन (वडा नं १८) – चौतारी - अम्मर वहादुर तामाङको घर हुँदै भङ्गलाचोक - ललित चोक (वडा नं १७)गोब्रेनि - वनगाँइ चौकि डाँडा - खयरघारी - मगर गाँउ - तिवारी चोक - गणेशथान - भर्जिन फयाक्ट्रि-नयाँ वुद्ध चोक - हस्त वहादुर घलेको घर हुँदै - नर्सरी चोक - गोविन्द चोक - ज्ञानेश्वर चोक - काभ्रेघाट - भंगरी थान - धोद्रे सिमल - शिवघाट - रामघाट - नारायणी किनार हुदै अटोल्याण्ड क्षेत्र - हाम्रो घर - वडा कार्यालय (वडा नं ३) पुल्चोकबाट आँपटाडी चोक (शहरी सडक) - वाइपास (KB Line) पछाडी - Fire Line जखडीमाइ, गाइखर्क शव्दचिन्तन पश्चिम हुँदै गोन्द्राङ्ग वडा नं. १२ (अन्तिम विन्दु) ।

मापदण्ड:

क. चक्रपथको सडक अधिकार क्षेत्र (ROW) न्यूनतम ३० मिटर कायम भएको ।

ख. राजमार्ग, हुलाकी सडक, वाइपास र शहरी सडकमा पर्ने भएमा सोही बमोजिमको सडक अधिकार क्षेत्र कायम भएको।

Scanned by CamScanner

ग. राजमार्ग/ वाइपास/शहरी सडक/ हुलाकी सडक क्षेत्रमा संरचना (घर, टहरा, पर्खाल) निर्माण गर्दा तोकिएबमोजिमको Building Setback छोड्नुपर्ने र सो बाहेकका सडकमा पर्ने भए २/२ मिटर Setback छोड्नुपर्ने तथा उल्लेखित प्रस्तावित रेखाङ्कन (Alignment) एवं मापदण्ड कायम हुनेगरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

३. मिति २०७६ मङ्सिर २ गते बसेको सार्वजनिक निजी साझेदारी इकाई प्रवर्द्धन समितिको बैठकको निर्णयबमोजिम महानगरको स्वामित्वमा रहेको वडा नं. ३ लायन्सचोक स्थित जग्गामा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार बहुउद्देशीय भवन निर्माण कार्यान्वयन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

४. सार्वजनिक-निजी साझेदारी अवधारणा बमोजिम महानगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ३ लायन्स चोकमा रहेको जग्गामा निजी क्षेत्रबाट बहुउद्देश्यीय भवनको विकास, निर्माण एवं संचालन गर्नका लागि पेश भएको मनसाय-पत्र पारित गर्ने निर्णय गरियो ।

५. विविध निर्णयहरु:

- गत आर्थिक वर्षको भुक्तानी दिन बाँकी आयोजनाहरुको अवधि २०७६ मंसिर मसान्तमा समाप्त भएको सम्बन्धमा चाडपर्व, चिसो मौसमलगायतका कारणले काम सम्पन्न हुन नसकेकोले उक्त अवधि २०७६ फागुन ७ सम्म कायम गरी निर्माण कार्य सम्पन्न गर्ने र उक्त अवधिमा पनि सम्पन्न नभएका आयोजनाहरु स्थगित गरी विनियोजित रकम फ्रिज गर्ने निर्णय गरियो ।
- महानगरपालिका अन्तरगतका वडाहरुबाट नगर र वडास्तरीय वार्षिक स्वीकृत कार्यक्रमको कार्यान्वयनमा ढिलासुस्ती गर्ने तर महानगरमा थप आयोजना माग गर्ने प्रवृत्ति रहेको सम्बन्धमा बार्षिक स्वीकृत कार्यक्रममा सन्तोषजनक प्रगति नभई थप आयोजना कार्यान्वयनको लागि बजेट विनियोजन नगरिने निर्णय गरियो ।
- भरतपुर महानगरपालिका मातहत रहेका सामाजिक संघ/संस्थाहरु र शैक्षिक संस्थाहरुले आफ्नो नाउँमा दर्ता भएका सार्वजनिक जमिन सरोकारवाला संस्थाहरुले उपयुक्त प्रयोगका लागि महानगरको पूर्व स्वीकृति लिएर मात्र उपयोगमा ल्याउन सक्नेछन्, यस प्रकृतिका जमिनमा महानगर स्वयंले सार्वजनिक महत्वलाई ध्यानमा राखी एकल रुपमा वा सार्वजनिक निजी साझेदारी (PPP) को अवधारणा अनुसार प्रयोगमा ल्याउन सक्ने गरी निर्णय गरियो ।
- महानगरपालिकामा औद्योगिक ग्राम स्थापनाको लागि स्थान छनौट गर्ने सम्बन्धमा वडा नं. २१ मा रहेको कम्तिमा सात विघा सार्वजनिक जग्गा छनौट गरी आवश्यक कार्य अघि बढाउने र सोको जानकारी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा गराउने निर्णय गरियो ।

Scanned by CamScanner

- बालबालिकाको हकहित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बालअधिकार कार्यविधि, २०७६ को दफा ३.१ (३) बमोजिम स्थानीय बालअधिकार समितिको सदस्यको रुपमा कार्यपालिका सदस्यद्वय श्री बीना गुरुङ्ग र श्री गीता शर्मालाई मनोनयन गर्ने निर्णय गरियो ।
- लायन्स क्लब अफ चित्रवनले बालकुमारी कलेजलाई उपलब्ध गराएको महानगरको संरक्षणमा रहेको जग्गाको उपयोग सम्बन्धमा तपसिलबमोजिमको कार्यदल गठन गरी २०७६ माघ २२ गते भित्र महानगर प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने निर्णय गरियो:

    १. श्री अरुण पीडित भण्डारी, वडा अध्यक्ष, वडा नं. १०- संयोजक
    २. श्री जयराम श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. १- सदस्य
    ३. श्री पूर्णबहादुर श्रेष्ठ, वडा अध्यक्ष वडा नं. २- सदस्य
    ४. श्री चन्द्रमित्र पण्डित, वडा अध्यक्ष वडा नं. ३ - सदस्य
    ५. श्री चित्रसेन अधिकारी, वडा अध्यक्ष वडा नं. २१ - सदस्य
    ६. कार्यपालिका सदस्य श्री चक्र रुचाल- सदस्य
    ७. कानून अधिकृत श्री खगेश्वर अधिकारी- सदस्य सचिव

- भरतपुर महानगरपालिका वडा नं. ३ स्थित नगरवन क्षेत्रमा विकासको लागि Bharatpur Island Safari Venture अन्तर्गत Yuan Xin Recreation Company JV द्वारा जनवरी २०२० मा महानगरपालिकामा पेश भएको प्रारम्भिक अध्ययन प्रतिवेदन, EIA को Scoping र TOR (Terms of Reference) स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।
- महानगरपालिकाभित्र संचालन भएका गाडी तथा ट्रक पार्किगको लागि बोलपत्र मार्फत् संचालनको लागि छनोट भएको सौरभ निर्माण सेवाले महानगरसँग नियमानुसार सम्झौता गर्न नआएकोले निजले राखेको धरौटी जफत गरी नियमानुसार कालो सूचीमा राख्नको लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।
- चौबीस कोठीदेखि मालपोत चोकसम्मको बाटोलाई साइकल लेनसहितको नमूना महानगरीय सौन्दर्ययुक्त सडक कायम हुने गरी आवश्यक कार्य अघि बढाउने निर्णय गरियो ।
- वडा नं. १ देखि १२ सम्मका वडा अध्यक्ष तथा सबै कार्यपालिका सदस्यहरुलाई ईन्धनवापत दिंदै आएको पेट्रोल सुविधा पुनरावलोकन गरी प्रत्येकलाई ४० लिटर तथा वडा नं. १३ देखि २९ सम्मका प्रत्येक वडा अध्यक्षलाई ५० लिटर प्रति महिना उपलब्ध गराउने निर्णय गरियो ।
- महानगरपालिकाको वडा नं. १७ को कार्यालय रहेको जग्गाको साँध-सीमाना मिलान गर्न वडा निवासी श्री तेजबहादुर थापाको मन्जुरीबाट महानगरपालिकाले दानस्वरूप साविक शारदानगर वडा नं. ७ को कित्ता नं. ७३९ को जग्गामध्येबाट ०-०-८.६ क्षेत्र जग्गा लिने र निजलाई वडा

कार्यालयको पछाडिको कित्ता नं. ७४१ बाट बाटोको निकासका लागि लगत कट्टा गर्न सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

- भरतपुर महानगरपालिकास्थित आदिकवि भानु मा.वि. (वडा नं. १) को रु.२,००,०००, बालकुमारी मा.वि. (वडा नं. २) को रु.१,०८,०००, शालिकराम घरबाटो (वडा नं. १५) को रु. ३,००,००० र प्रभात मा.वि. (वडा नं. २५) को रु. ४,००,००० निर्माणका लागि उपभोक्ता समितिलाई बढी भुक्तानी दिएको भनी महालेखापरीक्षकको कार्यालयबाट बेरुजु औंल्याइएको र उक्त रकम महानगरको खातामा जम्मा भइ सकेकोले बेरुजु फछ्र्यौटका लागि लेखि पठाउने निर्णय गरियो ।
- महानगरमा निर्माणाधीन कालोपत्रे सडकको गुणस्तर मापदण्ड अनुसार भएको नपाइएमा त्यस्तो निर्माण कार्यको भुक्तानी रोक्ने र स्थलगत रूपमा विज्ञसहित अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा कार्य अघि बढाउने निर्णय गरियो ।
- भरतपुर महानगरपालिका वडा नं. ८ बस्ने श्री ठुले मगरलाई सडक विस्तार गर्दा घर परेकोले क्षतिपूर्ति वापतको रकम रु. ५०,०००।– (पचास हजार) दिने तथा वडा नं. २३ का श्री काली दराइ तथा यम कुमारी दराइको टहरा निर्माणाधीन भरतपुर रिङरोडमा पर्ने हुदा सोको क्षतिपुर्ति वापत रु १२५,०००।– प्रति घर क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरियो ।
- नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च. नं. १७३ मिति २०७६/०९/०६ को पत्रानुसार भरतपुर महानगरपालिकाको वडा नं. १७, गाजिपुरस्थित मदन भण्डारी स्मृति पार्कलाई पर्यटकीय स्थलको रुपमा विकास गर्नको लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ (३) अनुसार आवश्यक प्रक्रिया अघि बढाउन जिल्ला प्रशासन कार्यालय, चितवनलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।
- कार्यपालिकाको ३० औं बैठकको निर्णय अनुसार गठन भएको सहकारी उपसमितिको रिक्त सदस्य पदमा वडा नं. २७ का वडा सदस्य श्री राधा क्षेत्रीलाई मनोनयन गर्ने निर्णय गरियो ।
- भरतपुर महानगरपालिका वडा नं. २२ स्थित ब्रह्मकुमारी राजयोग उपसेवा केन्द्रको नक्सा पास दस्तुर छुट दिने निर्णय गरियो ।

२०७६/१०/६

Scanned by CamScanner